आज मिति २०८० साल असार ३ गते आइतबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०१औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**<u>उपस्थिती</u>**

| | | | |
|---|---|---|---|
| | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | भीरकोट नगरपालिका |
| | श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | भीरकोट नगरपालिका |
| | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | भीरकोट नगरपालिका |
| | श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | भीरकोट नगरपालिका |
| | श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | भीरकोट नगरपालिका |
| | श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | भीरकोट नगरपालिका |
| | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | भीरकोट नगरपालिका |
| | श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | भीरकोट नगरपालिका |
| | श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | भीरकोट नगरपालिका |
| | श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | भीरकोट नगरपालिका |
| | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | भीरकोट नगरपालिका |
| | गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | भीरकोट नगरपालिका |
| | विष्णु माझी | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | बिन्दु खड्का | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | पार्वती के.सी. | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | खैसरा वि.क. | कार्यपलिका सदस्य | भीरकोट नगरपालिका |
| | धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | भीरकोट नगरपालिका |

श्याम प्रसाद रेग्मी अधिकृत सातौं
राज प्रसाद खनाल ॥ छैटौं

१०१औं कार्यपालिका बैठकका कार्यसूचिहरु

- आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
- विविध

१०१औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिका बैठकमा पेश भएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा कार्यपालिका सदस्यज्यूहरुको राय सुझाव समावेश गरि कार्यपालिका बैठकबाट स्वीकृत गरि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल असार ७ गते विहीबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०२औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| | | | |
|---|---|---|---|
| (हस्ताक्षर) | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | भीरकोट नगरपालिका |
| | श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | विष्णु माझी | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| | बिन्दु खड्का | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | पार्वती के.सी. | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | खैसरा वि.क. | कार्यापलिका सदस्य | भीरकोट नगरपालिका |
| (हस्ताक्षर) | धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | भीरकोट नगरपालिका |

श्याम प्रसाद रेग्मी अधिकृत सातौं

राम प्रसाद खनाल अधिकृत छैटौं

## १०२औं कार्यपालिका बैठकका कार्यसूचिहरु

- शिक्षा ऐन २०७५ को पहिलो संशोधन सम्बन्धमा ।
- विनियोजन ऐन २०८० सम्बन्धमा ।
- आर्थिक ऐन २०८० सम्बन्धमा ।
- आर्थिक वर्ष २०८०/८१ को बजेट सम्बन्धमा ।
- स्थानीय मदिरा ब्राण्डिङ सम्बन्धमा ।
- बेरुजु फस्यौंट सम्बन्धमा ।
- विविध

## निर्णय नं. १

भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८० विनियोजन ऐन, २०८० र शिक्षा ऐन, २०७५ को पहिलो संशोधन कार्यपालिकाबाट स्वीकृत गरि नगरसभामा पेश गर्ने ।

## निर्णय नं. २

यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम र बजेट वक्तव्य कार्यपालिकाबाट स्वीकृत गरी नगरसभामा पेश गर्ने ।

## निर्णय नं. ३

भीरकोट नगरपालिका क्षेत्रमा स्थानीय स्तरमा मदिरा उत्पादन गरी ब्राण्डिङ गर्नका लागि प्रदेश सरकार र संघीय सरकारसँग सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाउन नगरसभामा पेश गर्ने ।

## निर्णय नं. ४

चालु आर्थिक वर्ष २०७९/८० मा विभिन्न मितिमा बसेको कार्यपालिका बैठकका निर्णयहरु र नगर प्रमुख ज्यूको तोक आदेशबाट भए गरेका खर्चहरुलाई अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

## निर्णय नं. ५

भीरकोट नगरपालिका नगर कार्यपालिका कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित राजश्व धरौटी तथा जिन्सी, लेखासंग सम्बन्धित श्रेष्ता तथा कागजातहरुको महालेखा परिक्षकको कार्यालयवाट अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भई देहायमा उल्लिखित वेरुजुलाई असुलउपर/नियमित गर्नुपर्ने भनी औंल्याइएको र उक्त बेरुजुहरुको सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटी सम्म भएको, प्रचलित कानून बमोजिम पुऱ्याउनुपर्ने रीत नपुगेको तर सरकारी नगदी जिम्सीको हानी नोक्सानी, हिनामिना तथा मस्यौंट भएको नदेखिएको हुँदा देहाय बमोजिमको रु.१८०८५०४३/- बेरुजु मध्ये असुल उपर गर्नुपर्ने असुल उपर गरी तथा नियमित गर्नुपर्ने लाई प्रमाण कागजात राखी नियमित गर्न लेखा समितिको मिति २०८०/०२/०४ को बैठकबाट कार्यपालिका मार्फत नगरसभामा सिफारिस गर्ने निर्णय भई आएको हुँदा उल्लिखित बेरुजु रकम नियमित गर्नको लागी नगरसभामा पेश गर्ने निर्णय गरियो।

| सि.न. | बेरुजु दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | नियमित गर्नुपर्ने बेरुजु रकम रु. | पुस्ट्याईको आधार |
|---|---|---|---|---|
| १. | ११ | आर्थिक वर्ष २०७८/०७९मा खर्च नभई बाँकी रहेको सशर्त चालु अनुदानको दाखिला हुन बाँकी रकम संङ्घीय संचित कोषमा दाखिला गर्नुपर्ने | रु. २०००००/- | संङ्घीय संचित कोषमा रकम दाखिला गरेको बैक भौचर संलग्न रहेको । |
| २. | २४ | मेलमिलापर्कता लाई भुक्तानी लिएको रकम असुल गरी दाखिला गर्नुपर्ने । | रु. १७०००/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ३. | २५ | भीरकोट नगर अस्पतालमा कार्यरत डा. मुक्ति बलागेलाई प्रोत्साहन भत्ता भुक्तानी दिंदा १५ प्रतिशत अग्रिम करकट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र सामाजिक सुरक्षा कर कट्टी गरेकोमा बाँकी १४ प्रतिशत कर कट्टी गरि संचित कोष दाखिला गर्नुपर्ने। | रु. १२६११/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ४. | २७ | भीरकोट नगर अस्पताललाई दिइएको अनुदान रकमको खर्च पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने । | रु. ५००००० | नगर कार्यपालिकाको ८०औं बैठकको निर्णय अनुसार भीरकोट नगर अस्पताल व्यवस्थापनको लागि दिइएको रु. ५०००००/- को विल भरपाई संलग्न रहेको । |
| ५. | ३० | कृषि उत्पादन पकेट विकास कार्यक्रमको बजेटमा कृषक समुहको ५० प्रतिशत योगदान वापतको नपुग रकम असुल गर्नुपर्ने | रु.२३७७९०/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ६. | ३१.१ | उन्नत आलुको विउ उपयोग कार्यक्रममा कृषकहरुको लागत सहभागिता बापतको रकम सम्बन्धित कृषक समूहबाट असुली गर्नुपर्ने । | रु.१९२९२५/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ७. | ३१.२ | उन्नत विउ विजन खरिद कार्यक्रममा कृषक समूहको योगदान वापतको कम रहेको रकम सम्बन्धित कृषक समूहबाट असुल उपर गर्नुपर्ने। | रु.६०००/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ८. | ३१.३ | साना व्यवसाय कृषि उत्पादन पकेट विकास कार्यक्रमको लागि अदुवा तथा वेसारको विउ खरिदमा उपभोक्ताको योगदान नरहेको रकम सम्वन्धित पकेट समुहबाट असुलउपर गर्नुपर्ने । | रु.४२८००/- | असुल गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |
| ९. | ३४ | आर्थिक वर्ष २०७९/८०को प्रथम चौमासिकमा शिक्षकको तलब भत्ता विद्यालयबाट माग भएभन्दा बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने । | रु.४११०८४/- | सम्बन्धित विद्यालयबाट असुलउपर गरी बैक दाखिला गरेको भौचर संलग्न रहेको । |

| | | | | |
|---|---|---|---|---|
| | | ५०००/- र रु. ६०००/- को दरले राजश्व असुल गर्नुपर्ने, साथै मूल्य अभिवृद्धि कर ऐन २०५८ बमोजिम भ्याट दाखिला गर्नुपर्नेमा नगरपालिकाले आन्तरिक आम्दानी प्राप्त गर्दा भ्याट समेत आम्दानी गरेकोमा भ्याट रकम रु. २३२३९/- दाखिला गरेको छैन तोकिए बमोजिमको भ्याट रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने । | | |
| १४. | ४४ | भाग्योदय माध्यामिक विद्यालयलाई कक्षा कोठा निर्माणको लागि निकासा दिइएको रकमको कार्यसम्पन्न प्रतिवेदन समेतका विलभरपाईहरु पेश नभएको। | रु. १२८०००००/- | कक्षा कोठा निर्माणको प्राविधिक प्रतिवेदन विल भरपाई पेश भएकोले उक्त रकम रु.१२८०००००/- नियमित गर्ने । |
| १५. | ४६ | समपूरक अनुदानवापतको रकम कार्यालयको आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा संघीय स्रोतबाट खर्च लेखिएकोले संघीय सरकारबाट खर्च समर्थन गराई नियमित गर्नुपर्ने भनी बेरुजु औँल्याइएको । | रु. २८२२२७७/- | बेरुजु औँल्याइएको रकम रु. २८२२२७७/- खर्च समर्थनको लागी नगरसभाबाट निर्णय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १०. | ३७ | कोभिड-१९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम संचालन गर्न अधिकतम रु. ५०००००/- सम्म स्थानीय तहले खर्च गर्न सक्ने व्यवस्था रहेकोमा रु. १०६७९१७ खर्च गरी तोकिएभन्दा रु.५६७९१७ बढी खर्च गरेको हुँदा तोकिएभन्दा बढी खर्च गरेको रकम अनियमित देखिएको । | रु.५६७९१७/- | कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम कार्यान्वयन गर्दा निर्देशिकामा उल्लेख भएको भन्दा थप कक्षाको लागी स्वःअध्ययन सामाग्री खरिद गरी विवरण गर्न तोकिए बमोजिमको रकमले नपुग भई थप रकमबाट स्वःअध्ययन सामाग्री खरिद गरिएको र सो सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटी सम्म भएको, प्रचलित कानून बमोजिम पुन्याउनुपर्ने रित नपुगे तापनि सरकारी नगदी जिन्सीको हानी नोक्सानी हिनामिना तथा मस्यौट नभएको हुँदा एक पटकको लागी उक्त बेरुजु रकम नियमित गर्नुपर्ने । |
| ११. | ३८ | विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानतर्फ उत्कृष्ट सिकाई उपलब्धी कार्यक्रममा दहथुम माध्यामिक विद्यालयलाई एकमुष्ट रु. २०००००/- प्रोत्साहन स्वरुप अनुदान दिईएको रकमबाट प्रस्ताव अनुसारको खर्च गरी प्रगति प्रतिवेदन पेश नभएकोले प्रगति प्रतिवेदन पेश गर्नुपर्ने । | रु.२०००००/- | स्थानीय तहका उत्कृष्ट नतिजा हासिल गर्ने सफल एउटा विद्यालयलाई एकमुष्ट रु. २०००००/- अनुदान दिन सक्ने व्यवस्था अनुसार दहथुम माध्यामिक विद्यालयले पेश गरेको प्रस्ताव स्वीकृत गरी प्रस्ताव अनुसारका क्रियाकलाप सम्पन्न गरी सोको प्रगति प्रतिवेदन नगरपालिकामा पेश भएको हुँदा उक्त रकम नियमित गर्नुपर्ने |
| १२. | ४१.१ | भीरकोट नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसुचि ९ मा पालिकाको एक्साभेटर (बकेट र एक्साभेटर ब्रेकर) रसुवा कन्स्ट्रक्सन कम्पनिलाई एक्साभेटर बकेट १४ घण्टा र ब्रेकर २२ घण्टा भाडामा लगाएबापत मूल्य अभिवृद्धि कर समेत प्रतिघण्टा क्रमसः रु. ५०००/- र रु. ६०००/- को दरले राजश्व असुल गर्नुपर्ने, साथै मूल्य अभिवृद्धि कर ऐन २०५८ बमोजिम भ्याट दाखिला गर्नुपर्नेमा नगरपालिकाले आन्तरिक आम्दानी प्राप्त गर्दा भ्याट समेत आम्दानी गरेकोमा भ्याट रकम रु. ५२४००/- दाखिला गरेको छैन तोकिए बमोजिमको भ्याट रकम असुल गरी आन्तरिक आम्दानी बाध्नुपर्ने । | रु. ५२४००/- | तोकिए बमोजिमको भ्याट रकम रु. ५२४००/- रकम असुल गरी आन्तरिक आम्दानी बाधिएको बैंक भौचर संलग्न रहेको । |
| १३. | ४१.२ | भीरकोट नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसुचि ९ मा पालिकाको एक्साभेटर (बकेट र एक्साभेटर ब्रेकर) समेत प्रतिघण्टा क्रमसः रु. | रु.२३२३९/- | रकम असुल गरी संघीय संचित कोषमा दाखिला गरेको भौचर संलग्न रहेको । |

आज मिति २०८० साल साउन २६ गते शुक्रवारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०३औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

<u>उपस्थिती</u>

| | | |
|---|---|---|
| | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख |
| | श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख |
| | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ |
| | श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ |
| | श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री ललित बहादुर गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं ९ |
| | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य |
| | श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य |
| | श्री विष्णु माझी | कार्यापलिका सदस्य |
| | श्री बिन्दु खड्का | कार्यापलिका सदस्य |
| | श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य |
| | श्री पार्वती के.सी. | कार्यापलिका सदस्य |
| | श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य |
| | श्री खैसरा वि.क. | कार्यापलिका सदस्य |
| | श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत |

श्याम प्रसाद रेग्मी - [illegible]
राम प्रसाद खनाल - [illegible]

# १०३ औं कार्यपालिका बैठकका कार्यसूचिहरु

१. भूउपयोग प्रयोजनका लागि तयार गरिएको जोनिङ्ग नक्शा स्वीकृत गर्ने सम्बन्धमा ।
२. नगरपालिकाको लोगो सम्बन्धमा ।
३. घर जग्गा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७८ संशोधन सम्बन्धमा ।
४. अटोरिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।
५. नगर अस्पताल संचालन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।
६. वडास्तरका आयोजनाहरुको बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।
७. कक्षा १० सम्म निशुल्क शिक्षा प्रदान गर्ने सम्बन्धमा ।
८. कक्षा ८, ९ र १० कक्षाको परिक्षा संचालन र उत्तरपुस्तिका परिक्षण सम्बन्धमा ।
९. सामुदायिक विद्यालयमा शुक्रवार अतिरिक्त कक्षा संचालन गर्ने सम्बन्धमा ।
१०. महिला कार्यपालिका सदस्यका लागि पोशाक सम्बन्धमा ।
११. हरितालिका तिजको सम्बन्धमा ।
१२. विद्यालय गाभ्ने (मर्ज) गर्ने सम्बन्धमा ।

१. किसान सुचिकरण सम्बन्धमा ।
२. रोजगार रणनीति तर्जुमा सम्बन्धमा ।
३. आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति/समिक्षा सम्बन्धमा ।

निर्णय नं १

भीरकोट नगरपालिका क्षेत्रभित्रका जग्गा जमिनहरुको भू-उपयोग क्षेत्र वर्गीकरण गर्न भू-उपयोग ऐन, २०७६ भू-उपयोग नियमावली, २०७९ तथा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०८० बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरणका लागि नापी विभागको राय परामर्श र प्राविधिक सहयोगमा अद्यावधिक भएको नक्सा भू उपयोग परिषदबाट पारित भई कार्यपालिका बैठकमा स्वीकृतको लागि पेश भएको नक्सा स्वीकृत गरी कित्तागत विवरणका लागि नापि विभागमा पठाउने निर्णय गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणको लागि प्रकाशित सूचना अनुसार पेश भएका प्रस्तावित प्रतिक चिन्हहरुको अध्ययन गरी छनौट र सिफारिस गर्नको लागि नगर उपप्रमुख भगवती रेग्मी अर्यालको संयोजकत्वमा निम्नानुसारको प्रतिक चिन्ह छनौट तथा सिफारिस समिति गठन गर्ने । समितिले सिफारिस गरेको प्रतिक चिन्ह (लोगो)लाई कार्यपालिका बैठकबाट स्वीकृत गर्ने ।

| क स | नामथर | पद |
|---|---|---|
| १ | भगवती रेग्मी अर्याल | नगर उपप्रमुख- संयोजक अध्यक्ष |
| २ | दिपेन्द्र के सी | नगर प्रवक्ता- सदस्य |
| ३ | लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष-सदस्य |
| ४ | तारा प्रसाद अर्याल | वडा अध्यक्ष-सदस्य |
| ५ | नन्दलाल खनाल | वडा अध्यक्ष-सदस्य |
| ६ | धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव |

निर्णय नं ३

घर अभिलेखिकरण सम्बन्धी कार्यविधी, २०७८ को दफा १० (१) मा २०७८ भन्ने शब्दको सट्टा २०८० भन्ने शब्द राखी घर अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७८ को पहिलो संशोधन गरि अभिलेखिकरणको लागि सूचना प्रकाशन गर्ने तथा भीरकोट नगरपालिका क्षेत्रभित्र सडकको मापदण्ड र सरकारी जग्गा अतिक्रमण गरि निर्माण गरिरहेका घर टहराहरुको निर्माण कार्य रोक्का राख्न पत्राचार गर्ने ।

निर्णय नं ४

अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० र नगर अस्पताल संचालन कार्यविधि, २०८० स्वीकृत गर्ने ।

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

**निर्णय नं ५**

वडा स्तरबाट छनौट भई रकम बिनियोजन भएका वडास्तरीय योजनाहरु कार्यान्वयनको लागि बोलपत्र आह्वान गर्न वडाबाट माग भएमा नगरपालिकाले बोलपत्र आह्वान गरि योजना संचालन गरिदिने ।

**निर्णय नं ६**

भीरकोट नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक वर्ष २०८१ देखि विद्यालयहरुले कुनै किसिमको शुल्क नलिई कक्षा १० सम्म नि:शुल्क शिक्षा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं ७**

भीरकोट नगरपालिका वडा नं ४ स्थित फोहोरमैला व्यवस्थापन केन्द्रमा संचालनमा रहेको पार्क, फोहोरमैला व्यवस्थापनको पूर्वाधार र डुङ्गा चलाउन मिल्नेगरी तालसमेतका निर्माण कार्य अगाडी बढाउनका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्न नगर विकास कोष काठमाडौंलाई अनुरोध गर्ने र विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार आयोजना संचालन गर्दा नगरपालिकाको तर्फबाट गर्नुपर्ने सहलगानीको लागी आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

**निर्णय नं ८**

भीरकोट नगरपालिका भित्रका सबै विद्यालयहरुको कक्षा ८, ९ र १० को नगरस्तरीय प्रश्नपत्र तयारी र उत्तरपुस्तिका परीक्षण गर्न आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं ९**

भीरकोट नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्रत्येक शुक्रवार १ बजेदेखि ३ बजेसम्म अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप गर्न आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं १०**

हिन्दु नारिहरुको महान पर्व हरितालिका (तिज) २०८० को पावन अवसरमा रु. १००००० (दश लाख) मा नबढ्ने गरि वडा स्तरीय, नगरस्तरीय खुल्ला तिज गित प्रतियोगिता संचालन गर्ने । उक्त प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने समूहलाई निम्नानुसारको पुरस्कार रकममा नियमानुसारको करकट्टी गरी पुरस्कार प्रदान गर्ने ।

| वडा स्तरीय | | | | नगर स्तरीय | | | |
|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतिय | सान्त्वना | प्रथम | द्धितीय | तृतिय | सान्त्वना |
| रु.१७६५०/- | रु.११८००/- | रु.५९००/- | रु.२३६०/- | रु.२३५३०/- | रु.१७६५०/- | रु.११८००/- | रु.५९००/-- |

निर्णय नं ११

भीरकोट नगरपालिका क्षेत्रभित्रका गाभ्नु (मर्ज) गर्नु पर्ने आधारभूत विद्यालयहरुमा एक जना शिक्षकको दरबन्दी कायम राखि बालकक्षा संचालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं १२

चालू आर्थिक वर्ष २०८०/८१ मा भीरकोट नगरपालिका वडा नं ५,६, ७, ८ र ९ मा किसान सूचिकरण गर्न आवश्यक व्यवस्थाका लागि नगर उपप्रमुख भगवती रेग्मी अर्यालको संयोजकत्वमा निम्नानुसारको समिति गठन गर्ने ।

| क स | नामथर | पद |
|---|---|---|
| १ | भगवती रेग्मी अर्याल | नगर उपप्रमुख- संयोजक अध्यक्ष |
| २ | धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत- सदस्य |
| ३ | याम प्रसाद रेग्मी | योजना अधिकृत- सदस्य |
| ४ | किसन अर्याल | कृषि विकास अधिकृत सदस्य सचिव |

निर्णय नं १३

भीरकोट नगरपालिका वडा नं ५ स्थित जनप्रिय माध्यामिक विद्यालयको भवन निर्माण कार्यको सम्झौतामा उल्लिखित डण्डी, इटा, रङ्ग, ढुङ्गाको कामको परिमाण नपुग हुने देखिएको र उक्त कार्यमा परिमाण थपघट गर्दा शुरु ठेक्का सम्झौतामा रु ४१३५३०.३५ (अक्षरुपी चार लाख तेह हजार पाँचसय तीस रुपैया पैसा पैतिस मात्र) रकम थप गरि ६.२९ प्रतिशतको भेरीयसन आदेश स्विकृत गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल भाद्र ३१ गते आइतवारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०४औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| | | |
|---|---|---|
| | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख |
| | श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख |
| | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ |
| | श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ |
| | श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री | का.वा. वडा अध्यक्ष वडा नं ९ |
| | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य |
| | श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य |
| | श्री विष्णु माझी | कार्यापलिका सदस्य |
| | श्री बिन्दु खड्का | कार्यापलिका सदस्य |
| | श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य |
| | श्री पार्वती के.सी. | कार्यापलिका सदस्य |
| | श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य |
| | श्री खैसरा वि.क. | कार्यापलिका सदस्य |
| | श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत |

श्याम प्रसाद रेग्मी - अधिकृत सातौं
राम प्रसाद खनाल - अधिकृत छैटौं

# १०४ औं कार्यपालिका बैठकका कार्यसूचिहरु

१. भू उपयोग सम्बन्धी
२. भीरकोट नगरपालिकाको प्रतिक चिन्ह (लोगो)सम्बन्धी
३. सेवा क्षेत्र परिवर्तन सम्बन्धी
४. विविध

# १०४ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

नापी विभागको प्राविधिक सहयोगमा तयार भएको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी नक्सामा भीरकोट नगरपालिकाको साविक गा.वि.स. का केही कित्ताहरु छिमेकी गाउँपालिका र नगरपालिकामा पर्न गएको र साविकको गा.वि.स. भन्दा केही फाजिल कित्ताहरु यस नगरपालिकामा पर्न आएको छ । अतः साविक गा.वि.स. अनुसारको सिमाना बमोजिम कित्तागत विवरण प्राप्त नभएसम्मको लागी हाल प्राप्त भएको नक्सा र कित्ता विवरणलाई स्वीकृत गरी सोही अनुसार कामकाज अगाडि बढाउने तथा भीरकोट नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०८० को दफा १० बमोजिम कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा जुन क्षेत्रले बढी क्षेत्रफल ओगट्छ त्यही क्षेत्रमा वर्गिकरण गर्ने भनेतापनी नगरपालिकासँग प्रयाप्त तथ्याङ्क (डाटा) नभएकोले नापी विभागबाट प्राप्त कित्ता विवरणमा केही कित्ताहरु दुई वा दुई भन्दा बढी क्षेत्रमा देखीएको हुँदा दुई वा दुई भन्दा बढी क्षेत्रमा रहेका कित्ताहरुलाई देहायको प्राथमिकता बमोजिम एउटा कित्तालाई एउटा क्षेत्रमा वर्गीकरण गर्ने ।

<u>देहाय</u>

१. व्यवसायिक क्षेत्र
२. आवासीय क्षेत्र
३. कृषि क्षेत्र

**निर्णय नं. २**

१०३ औं कार्यपालिका बैठकको निर्णयले गठित भीरकोट नगरपालिकाको प्रतिक चिन्ह (लोगो) छनौट तथा सिफारिस समितिको निर्णय अनुसार भीरकोट नगरपालिका वडा नं. ७ बस्ने रीम बहादुर गोदारले तयार गरेको तपसिल बमोजिमको प्रतिक चिन्ह (लोगो)लाई स्वीकृत गरि प्रयोग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

भीरकोट नगरपालिका वडा नं. ८ को प्रशासनिक कार्य (नागरिकता, राहदानी, मालपोत र नापी सम्बन्धी) स्याङ्जाबाट हुँदै आएकोमा अब उप्रान्त उक्त कार्यहरु ईलाका प्रशासन कार्यालय वालिङ, मालपोत कार्यालय वालिङ र नापी कार्यालय वालिङबाट कामकाज गर्ने गरी सम्वन्धीत वडाबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम कामकाज गर्ने गरी सेवा क्षेत्र परिवर्तन गर्ने आवश्यक व्यवस्थाका लागी जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

आँधीखोला वहु प्राविधिक शिक्षालयमा डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ/ डिप्लोमा ईन आईटी ईन्जिनियरिङ विषय अध्ययन गर्नका लागी यस नगरपालिका अन्तर्गतका तमसिलमा नाम उल्लिखित विपन्न विद्यार्थिहरुलाई नगरपालिवाट पुर्ण छात्रवृती वापतको रकम प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नामथर | ठेगाना | अध्ययन गर्ने विषय | छात्रवृती बापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | रञ्जु कुंवर | भीरकोट-५ | सूचना प्रविधि ईन्जिनियरिङ | ४०,०००/- | सेमेस्टर अनुसार वार्षिक रुपमा भुक्तानी दिने । |
| २. | सुरुची जैसी | भीरकोट-८ | सूचना प्रविधि ईन्जिनियरिङ | ४०,०००/- | |
| ३. | थमन गुरुङ | भीरकोट-८ | सूचना प्रविधि ईन्जिनियरिङ | ४०,०००/- | |
| ४. | सुमन राना | भीरकोट-८ | सूचना प्रविधि ईन्जिनियरिङ | ४०,०००/- | |
| ५. | महेश शर्मा | भीरकोट-८ | सिभिल ईन्जिनियरिङ | ९०,०००/- | |
| ६. | परी थापा | भीरकोट-५ | सिभिल ईन्जिनियरिङ | ६०,०००/- | |

## निर्णय नं. ५

चालु आर्थिक वर्ष २०८०/८१ मा भीरकोट नगरपालिकामा सुचिकृत भएका ९२९ जना वेरोजगारहरुको सुचिलाई प्रमाणीकरण गर्ने ।

## निर्णय नं. ६

भीरकोट नगरपालिका अन्तर्गतका सामुदायक विद्यालयमा कक्षा १ देखी कक्षा ५ सम्म अध्ययनरत विद्यार्थिहरुलाई दिवा खाजा खुवाइएकोमा शैक्षिक बर्ष २०८०/८१ देखी सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थिहरुलाई समेत नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गरी दिवा खाजा खुवाउने।

आज मिति २०८० साल असोज २६ गते शुक्रबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०५औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री शुशिला गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं ९ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

थाम प्रसाद रेग्मी अधिकृत सातौं

राम प्रसाद खनाल अधिकृत दशौं

# १०५औं कार्यपालिका बैठकका कार्यसूचिहरु

१. भीरकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका २०८० सम्बन्धमा

२. भीरकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण निर्देशिका २०८० सम्बन्धमा

३. अपाङ्ग परिचयपत्र समायोजन सम्बन्धमा

४. मेलमिलापर्कताको बसाई ब्यबस्थापन, परियचपत्र र सेवा सुविधा सम्बन्धमा

५. शुभकामना आदानप्रदान सम्बन्धमा

६. विविध

# १०५ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

भीरकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

भीरकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण निर्देशिका, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

स्थानीय सरकार संचालन ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, २०७५ अनुसार वितरण गरिएका क, ख, ग र घ वर्गका अपाङ्ग परिचय पत्र प्राप्त गर्ने फरक क्षमता भएका नागरिकहरुको हालको स्वास्थ्य अवस्था एकिन गरी सोही अनुसार परिचय पत्रको वर्ग थपघट गर्ने व्यवस्था मिलाउनका लागी सम्बन्धित वडा कार्यालयले अपाङ्ग परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुको विवरण संकलन गरी २०८०, कार्तिक मसान्तसम्म नगरपालिकामा पठाईदिन पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

भीरकोट नगरपालिकामा सूचिकृत मेलमिलापर्कताको बसाई व्यवस्थापन, परियच पत्र र सेवा सुविधा सम्बन्धमा नगरपालिकालाई थप आर्थिक दायित्व सिर्जना नहुने गरी हाल उपलब्ध साधन र स्रोतका आधारमा सम्बन्धित वडा कार्यालयले व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ५**

वडा दशैं २०८०, शुभ दिपावली, छठ र म्ह पुजा समेतका राष्ट्रिय पर्वहरुको उपलक्ष्यमा निर्वाचित जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, टोल विकास समिति, आमा समूह, युवा क्लबहरुका अध्यक्षहरु समेतका नगरबासीहरुको सहभागितामा मिति २०८०/०७/०३ गते भीरकोट सिटीहलमा शुभकामना आदानप्रदान कार्यक्रम गर्ने ।

**निर्णय नं ६**

सघन सहरी विकास कार्यक्रमबाट भीरकोट नगरपालिका वडा नं ४ मा निर्माण हुने प्रशासकीय भवन (वडा कार्यालय) का लागि आवश्यक पर्ने न्युनतम् ६ आना जग्गा मालपोत कार्यालय वालिङले आ.व.२०८०/०८१ का लागी निर्धारण गरेको न्यूनतम् मूल्य (प्रतिआना रु. २०००००) मा जग्गा खरिद गर्ने ।

**निर्णय नं ७**

नगर अस्पतालको क्षेत्रभित्र रहेको साविकमा कालिका सामुदायिक अस्पताल र नगरपालिका बिच भएको सम्झौता अनुसार खरिद गर्न बाँकी रहेको जग्गा मालपोत कार्यालय स्याङ्जाले आ.व.२०८०/०८१ का लागी निर्धारण गरेको न्यूनतम् मूल्यमा नबढ्ने गरी जग्गा खरिद गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं ८

चाडपर्वहरुको समयमा बजार क्षेत्रमा चोरी, कुटपिट समेतका घटनाहरु भई शान्ति सु-व्यवस्थामा खलल पुग्ने संभावना रहेको हुँदा वयरघारी बजारका आवश्यक स्थानहरुमा CCTV Camera जडान गर्ने तथा ९९ चोकमा रहेको सार्वजनिक शौचालय नजिक अस्थायी प्रहरी बिट निर्माण गर्न स्रोत साधनको व्यवस्थापन गरी निर्माण कार्य अगाडी बढाउने ।

निर्णय नं ९

निर्वाचित पदाधिकारीहरुले मासिक रुपमा पाउने सेवा सुविधा वापतको रकम बैक खातामा जम्मा भएपछि सोही शिर्षकमा सूचना जाने व्यवस्था मिलाउन सम्बन्धित वित्तिय संस्थालाई अनुरोध गर्ने।

निर्णय नं १०

चालू आर्थिक वर्षमा बस्ती विकास कार्यक्रममा विनियोजन भएको रकम रु. . ३००००००/- (अक्षरेपी तिस लाख रुपैया मात्र) बाट भीरकोट नगरपालिका वडा नं १ को ९९ चोक देखि वडा नं ६ को सुन्दरबजार (बगरे बजार) जाने सडक खण्डको भीरकोट बसपार्क नजिक रहेको कल्भर्ट पुल देखि सडक निर्माणका लागि आवश्यक पर्ने पूर्वाधार निर्माणमा उक्त रकम खर्च गर्ने ।

निर्णय नं ११

भीरकोट नगरपालिका वडा नं १ को लामाचौर र वडा नं ५ को सुन्दरबजारमा अवस्थित झोलुङ्गे पुल भत्काउन (Dismantle) का लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं १२

नगरपालिका क्षेत्रभित्र बहने आँधिखोलाको ढुङ्गा गिट्टी बालुवा ३ महिना भित्र उत्खनन्, निकासी र संकलन गर्नका लागी बोलपत्र आह्वान गर्ने ।

निर्णय नं १३

नगरपालिकाको स्थायी ठेगानामा एकरुपता ल्याउन नगरपालिकामा रहेको साइनबोर्डमा स्थायी ठेगाना बयरघारी, दार्सिङ गरी अन्य साइनबोर्ड हरुलाई सोही अनुसार अद्यावधिक गर्न आवश्यक व्यवस्था मिलाउने ।

आज मिति २०८० साल कातिक २२ गते बुधबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्युको अध्यक्षतामा बसेको १०६ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री | का.वा. वडा अध्यक्ष वडा नं ९ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा बि.क. | कार्यपलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

श्याम प्रसाद रेग्मी अधिकृत सातौं
राम प्रसाद खनाल " छैटौं

# १०६ औं कार्यपालिका बैठकका कार्यसूचिहरु

१. सिमाना सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रको जवाफ पठाउने सम्बन्धमा ।

२. जाजरकोट लगायतका जिल्लामा भुकम्पका कारण पुगेको धनजनको क्षतिको शोक प्रस्ताव र राहत दिने सम्बन्धमा ।

३. गत आर्थिक वर्षमा सुरु भएको गाईभैंसी पकेट कार्यक्रमको अनुमोदन सम्बन्धमा ।

४. विविध ।

# १०६ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ३८ मिति २०८०/०७/१६ को पत्रबाट स्थानीय तह भित्र सिमाना सम्बन्धी कुनै समस्या भए विस्तृत विवरण उल्लेख गरि पठाउने भनी लेखि आएको विषयमा कार्यपालिका बैठकमा छलफल हुँदा भीरकोट नगरपालिकामा रहेका तपसिलमा उल्लिखित वडाहरुमा सिमाना सम्बन्धी समस्या देखिएको हुँदा सोही व्यहोराको पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

तपसिल

क) भीरकोट नगरपालिका वडा नं ५ को केही भाग वालिङ नगरपालिकामा गरिएको ।

ख) वडा नं ३ को केही भाग विरुवा गाउँपालिका र वालिङ नगरपालिकामा गाभिएको ।

ग) वडा नं ९ को केही भाग वालिङ नगरपालिकामा गाभिएको ।

घ) अर्जुनचौपारी गाउँपालिकाको केही भाग भीरकोट नगरपालिका वडा नं ७ मा गाभिएको ।

ङ) भीरकोट नगरपालिका वडा नं ७ को खिलुङ कालिका मन्दिर क्षेत्र वडा नं ६ मा गाभिएको ।

**निर्णय नं २**

मिति २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्र विन्दु भएको भूकम्पबाट घाइते भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै भूकम्पबाट ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्ने तथा उक्त भूकम्पबाट प्रभावित परिवारहरुको लागि २० गोटा फाइबर सिरक र रु. ३ लाख रुपैंया आर्थिक सहयोग गर्ने ।

**निर्णय नं ३**

विगत आ.व. २०७९/८० मा भीरकोट नगरपालिकालाई प्राप्त सशर्त अनुदान तर्फको गाइभैसी पकेट कार्यक्रम शिर्षकमा भएको खर्च रकम रु. २४९९८४१ लाई अनुमोदन गर्ने ।

**निर्णय नं ४**

भीरकोट नगरपालिका वडा नं ५ का वडा अध्यक्ष कृष्ण बहादुर थापा मिति २०८०/०७/१९ गतेका दिन वडा स्तरीय योजनाहरुको अनुगमन गर्ने क्रममा भीरकोट नगरपालिका वडा नं ५ को तोरीडाँडामा मोटरसाइकल दुर्घटनामा परी घाइते भई पोखराको ग्यालेक्सी अस्पतालमा उपचाररत रहुनुभएको हुँदा उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

**निर्णय नं ५**

शुभ दिपावली २०८०, छठ पर्वको उपलक्ष्यमा राजनितिक दल निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवं स्वदेश तथा विदेशमा रहनुहुने भीरकोटबासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरुलाई शुभकामना प्रदान गर्ने ।

**निर्णय नं ६**

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश सरकारबाट मिति २०८०/०७/१६ गते प्रकाशित सूचनाअनुसार एक स्थानीय तह एक खेल मैदान निर्माणका माग भएको प्रस्तावअनुसार यस नगरपालिकाको वडा नं १ को सिसौंघारी खेलमैदान निर्माणका लागि आवश्यक कागजात तयार गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८०/०५/३१ को निर्णयानुसार नगरपालिकाको वडा नं १ हेलुमा संचालित नगर अस्पताल संचालनका लागि अर्जुनचौपारी गाउँपालिका संगको साझेदारी र सहकार्यमा संचालन गर्नका लागि प्रस्तावित नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधी २०८० का सम्बन्धमा लिखित रुपमा राय सल्लाह र सुझावका लागी अर्जुनचौपारी गाउँपालिका पठाउने निर्णय गरियो ।

**निर्णय नं ८**

यस नगरपालिकाको वडा नं ५ सिम्लेमा निर्माण हुने प्राथमिक स्वास्थ्य चौकी निर्माणका लागि निःशुल्क रुपमा प्राप्त हुने आवश्यक जग्गा प्रक्रिया पुरा गरी नापि कार्यालय र मालपोत कार्यालय वालिङबाट नामसारी गरी लिने निर्णय गरियो ।

आज मिति २०८० साल मंसिर २९ गते शुक्रबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०७ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री | का.वा. वडा अध्यक्ष वडा नं ९ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

याम प्रसाद रेग्मी - अधिकृत सातौं

राम प्रताप खनाल " छैटौं

# १०७ औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० को समिक्षा सम्बन्धमा ।

२. सडक बोर्डको योजना छनौट सम्बन्धमा ।

३. बाल अधिकार सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८० सम्बन्धमा ।

४. सामाजिक विकास समितिको अध्यक्ष सम्बन्धमा ।

५. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखरामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

६. विविध

क) वडा नं ५ का अध्यक्षको आर्थिक सहायता सम्वन्धमा ।

ख) महम्मद हमिद मियाको आर्थिक सहायता सम्वन्धमा ।

## १०७ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

मिति २०८०/०८/१६ गते देखि १८ गते सम्म भीरकोट नगरपालिका वडा नं १ स्थित भीरकोट खेलमैदानमा संचालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी जनप्रतिनिधि, विद्यालय, विद्यार्थी, शिक्षक समेतका खेलकुद कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नेलाई धन्यवाद ज्ञापन गर्दै उक्त कार्यक्रममा भएको खर्चलाई अनुमोदन गर्ने ।

**निर्णय नं २**

चालु आ.व. २०८०/०८१ मा सडक बोर्ड नेपालको पत्रानुसार प्राप्त सिलिङ अन्तर्गत रहि खर्च गर्ने गरी तपसिल बमोजिमका योजना तथा कार्यक्रम छनौट गरि सडक बोर्ड नेपाललाई जानकारी गराउने निर्णय गरियो ।

| क्र.स. | सडकको नाम | ठेगाना | विनियोजित रकम सडक बोर्ड नेपाल | नगरपालिकाको लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| १. | ढापुक फेदी खोरबार चिउरी खर्क सडक | वडा नं- ८ | १६,३१,०००।- | ६,९९,००० | २३,३०,००० |
| २. | किसिम खोला खुर्सानी डाँडा सडक | वडा नं- ३ | १६,३१,०००।- | ६,९९,००० | २३,३०,००० |
| ३. | पाटपाटी सुन्दर चौर सडक | वडा नं- ६ | २७,३८,०००।- | ११,७४,००० | ३९,१२,००० |
| ४. | कुल जम्मा | | ६०,००,०००/- | २५,७२,०००।- | ८५,७२,०००/- |

**निर्णय नं ३**

बाल अधिकार सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

भीरकोट नगरपालिकाको सामाजिक विकास समितिको अध्यक्षमा भीरकोट नगरपालिका वडा नं ४ का वडा अध्यक्ष रत्नप्रकाश श्रेष्ठ लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालु आर्थिक वर्ष २०८०/०८१ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ को अनुसूचि ३ बमोजिम प्लाष्टिक झोला मुक्त नगरपालिका र प्रविधिमैत्री सामुदायिक विद्यालयको परियोजना प्रस्ताव तयार गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आह्वान गरिएको समयावधि भित्र प्रस्ताव पेश गर्ने र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि (पहिलो संशोधन), २०७९ मा उल्लेख भए बमोजिम कुल लागतको ३०% रकम चालु आर्थिक वर्षमा नगरपालिकाबाट समपुरक कोष तर्फ विनियोजित रकमबाट व्यहोर्ने, उक्त कार्यक्रम संचालनका लागि देहाय बमोजिमको निर्देशक समिति र कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

**निर्देशक समिति**

| | |
|---|---|
| गोविन्द कुमार कर्माचार्य | नगरप्रमुख संयोजक |
| धर्मराज ढुङ्गाना | सदस्य |
| सरोज पराजुली | सदस्य सचिव |

**कार्यान्वयन समिति**

| | |
|---|---|
| भगवती रेग्मी अर्याल | संयोजक |
| विष्णुप्रसाद कोइराला | सदस्य |
| जब्बर अलि मियाँ | सदस्य |
| याम प्रसाद रेग्मी | सदस्य |
| सुरेस पंगेनी | सदस्य |
| कृष्ण प्रसाद अर्याल | सदस्य |
| राम प्रसाद खनाल | सदस्य सचिव |

**निर्णय नं ६**

भीरकोट नगरपालिका वडा नं ५ का वडा अध्यक्ष श्री कृष्ण बहादुर थापा मिति २०८० कार्तिक १९ गते मोटरसाइकल दुर्घटनामा परी घाइते भई उपचाररत रहनुभएकोले उहाँ लाई रु.७५००० र भीरकोट नगरपालिका वडा नं २ बस्ने मोहमद हनिफ मिया लाई रु. ५०००० र भीरकोट ३ वस्ने निर्मल सिंजाली मगरलाई रु. ४०००० आर्थिक सहायता दिने निर्णय गरियो ।

**निर्णय नं ६**

भीरकोट नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ मा संचालन हुने योजना तथा कार्यक्रमहरुको २०८० पौष मसान्तसम्म योजना सम्झौता गर्ने व्यवस्थाका लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिकाको वडा नं १ सिसौघारी स्थित भीरकोट खेलमैदानको निर्माण तथा संचालनका लागी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने देखिएको र उक्त कार्य गर्न वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५ को उपनियम १ (ख) अनुसार तयार गरिएको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल पुस २० गते शुक्रबारका दिन भीरकोट नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री भगवती अर्याल रेग्मीज्यूको अध्यक्षतामा बसेको १०८ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

<u>उपस्थिती</u>

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री भगवती रेग्मी अर्याल | का.वा. नगर प्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |
| | | |

राम प्रसाद रेग्मी अधिकृत सातौं

राम प्रसाद कँडेल अधिकृत छैटौं

प्रमुख प्रशासकीय अधिकृत

# १०८ औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. नगरसभाको मिति तय गर्ने सम्बन्धमा

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव पेश गर्ने सम्बन्धमा

३. वेरुजु सम्परीक्षण सम्वन्धमा

४. योजना सम्झौता सम्वन्धमा

५. वाटोको लगतकट्टा सम्वन्धमा

६. राष्ट्रिय योजना आयोगबाट माग गरिएको प्रस्तावअनुसार गत आ.व. देखि प्रारम्भ भएका आयोजनाहरुको निरन्तरता सम्वन्धमा

७. आर्थिक वर्ष २०८०/०८१ का प्रस्तावित दररेट हेरफेर सम्वन्धमा

८. सार्वजनिक खरिद नियमावली २०८० सम्वन्धमा

९. विविध

# १०८ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

भीरकोट नगरपालिकाको १३औं नगरसभा २०८०/०९/२९ गते आइतवार मध्यान्ह १२:३० बजे नगरपालिकाको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०९/०५, च.न. ३१ को पत्रबाट लेखिआएअनुसार नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को पूर्ण पालनागरी कार्यक्रम संचालन गर्ने तथा उक्त कार्यक्रमका लागि कार्यविधिको दफा ४२ (१) बमोजिम आवश्यक पर्ने २५ प्रतिशत लागत सहभागिता वापतको रकम नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा यस नगरपालिकाको लेखा श्रेष्ता महालेखा कार्यालयबाट लेखा परीक्षण हुँदा अनियमित भनी औंल्याइएका वेरुजुहरुको सम्बन्धमा लेखा समितिबाट नियमित गर्न सिफारिस भई आएकोमा सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा प्रकृयागत त्रुटीसम्म भएको, प्रचलित कानूनबमोजिम पुर्‍याउनुपर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी, हिनामिना तथा मस्यौट नभएको हुँदा नियमित गर्नको लागि आगामी नगरसभाको बैठकमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

भीरकोट नगरपालिकाबाट चालू आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुनेगरी स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको २०८० माघ १५ सम्म सम्झौता गर्नको लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

भिरकोट नगरपालिकाका प्रमुख ग्रामिण सडकहरुको लगतकट्टाको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ६

राष्ट्रिय योजना आयोगबाट माग गरिएको प्रस्ताव अनुसार गत आर्थिक वर्ष २०७९/०८० देखि प्रारम्भ भएका तपसिलमा उल्लिखित आयोजना तथा कार्यक्रमहरुलाई चालु आर्थिक वर्ष २०८१/०८२ मा निरन्तरता दिने निर्णय गरियो ।

तपसिल

१. संघीय समपुरक अनुदान तर्फ

क) सुन्दरबजार - मोहनडाँडा – ठुलिभञ्ज्याङ्ग - पर्वत हातेमालो सडक

२. संघीय विशेष अनुदान

क) भीरकोट नगरपालिका अन्तर्गत पर्ने आँधिखोलामा नदी नियन्त्रण तथा कृषि योग्य जमिन संरक्षण कार्यक्रम

ख) एकिकृत कृषि विकास कार्यक्रम २०७९

निर्णय नं ७

आर्थिक वर्ष २०८०/०८१ को लागि १२औं नगरसभाबाट स्वीकृत आन्तरिक आम्दानीका दररेटहरुमा परिमार्जन/थपघट गर्नको लागि आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ८

भीरकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० अध्ययन गरी परिमार्जन सहितको नियमावली आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ९

आगमी आर्थिक वर्ष २०८१/०८२ मा तपसिलमा उल्लिखित सडकहरुको निर्माण कार्यकोलागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

संघीय समपुरक अनुदान तर्फ

- भाग्योदय मा.वि.- ठाडो खोरिया - जिमिरे सडक

संघीय विशेष अनुदान तर्फ

- स्यालदुले-पकान- सुन्दरबजार सिमलचौर हेलु कृषि सडक कालोपत्रे

आज मिति २०८० साल पौष २८ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १०९ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिति**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती अर्याल रेग्मी | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

श्याम प्रसाद रेग्मी अधिकृत आठौं

राम प्रसाद खनाल - अधिकृत छैठौं

## १०९ औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५, आर्थिक ऐन, विनियोजन ऐन, २०८० को पहिलो संशोधन, अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ संशोधन गर्ने सम्बन्धमा,

२. नगरपालिका अन्तर्गतका प्राथमिक तहमा कार्यरत सामुदायिक विद्यालय शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा

३. आर्थिक वर्ष २०८०/८१ को योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा

४. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा

५. बजेट संशोधन सम्बन्धमा

# १०९ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाबाट विभिन्न मितिमा जारी भई कार्यान्वयन भएका तपसिलमा उल्लिखित ऐनहरुमा निम्नानुसारको संशोधन गर्न विधायन समितिबाट निर्णय भई आएकोले उक्त ऐनहरु संशोधनको लागि कार्यपालिका बैठकबाट स्वीकृत गरी १३औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) "घ" वर्गको निमार्ण व्यवासायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ पहिलो संशोधन २०७८ को द्रष्टव्यको बुँदा नं १ मा उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्र साथै बिमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ । स्वामित्वको कागजात आफ्नो नाममा नभए कम्तिमा दुई बर्षको प्रमाणित भाडा सम्झौता (बिलबुक, नविकरण तथा बिमा सम्बन्धी कागजात समेत) पेश गर्नु पर्नेछ । Theodolite (थेडोलाइट) वा Level Machine (लेभल मेसिन) (कुनै एक सेट), वाटर पम्प (दुई थान र भाइब्रेटर (दुई थान)को स्वामित्व अनिवार्य रुपमा सम्वन्धित फर्म कै हुनुपर्नेछ र खरिद गरेको भ्याट बिल समेत निवेदन साथ समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा विमा सम्बन्धी कागजात नभए तापनि इजाजत पत्र जारी गर्न बाधा पर्ने छैन भनि संशोधनको लागि सभामा पेश गर्ने ।

ख) आर्थिक ऐन, २०८० को अनुसूची ९ को बुँदा नं २८ मा व्यक्तिगत घटना प्रमाणित सिफारिस नेपाली शिर्षक आ.व. २०८०/०८१ मा छुट भएकोमा उक्त शिर्षक थप गरी सिफारिस शुल्क रु. १५०/- तोक्ने गरी उक्त दफा थप गर्ने ।

ग) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं ३७ मा संस्था दर्तामा /आमा समुह/कृषक समूह मात्र भएकोमा अपाङ्ग समाज थप गरी संशोधन गर्ने ।

घ) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं ९९ मा (स्वरेक मैदान पर्यटकिय क्षेत्र, सरसफाई केन्द्र/भीरकोट पार्क र गडहरे गुफा क्षेत्र परिसरको प्रवेश शुल्कमा विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट दिइनेछ, छुट लिनको लागि परिचयपत्र साथमा हुनुपर्नेछ भन्ने वाक्यांस रहेकोमा उक्त छुटको व्यवस्था सुन्दरचौर बनस्पति सूचना केन्द्र, प्रवेश शुल्कमा समेत ५० प्रतिशत छुट दिने व्यवस्था गरी संशोधन गर्ने ।

ङ) आर्थिक ऐन २०८० को अनुसूची ९ को बुँदा नं १००/- मा स्वरेक मैदान पर्यटकिय क्षेत्र, सरसफाई केन्द्र/भीरकोट पार्क र गडहरे गुफा क्षेत्र परिसरमा बनभोज शुल्क रु. १०००/-, भाडा वर्तन र ग्यास समेतको वनभोज शुल्क रु. ४०००/- भिडियो ड्रोन तथा फोटोसुटको रु. २०००/- र पार्कमा सभा गोष्ठी र सेमिनारको प्रतिदिन रु. २०००/- शुल्क तोकिएकोमा सोही बमोजिमको शुल्क बनस्पति सुचना केन्द्र भीरकोट ६ मा पनि लागू गर्नेगरी संशोधन गर्ने ।

च) आर्थिक ऐन २०८० मा किराना पसल दर्ता शुल्क नतोकिएको हुँदा अनुसूची ९ मा बुँदा नं १०२ थप गरि आज देखि किराना पसल दर्ता शुल्क रु. १०००/- तोक्ने बुँदा थप गर्ने ।

छ) आर्थिक ऐन २०८० को अनुसूची ३ क को नोट महलमा उल्लिखित कुनै व्यक्ति फर्म वा कम्पनीले १ महिनाको समयावधि भित्र १५० घनमिटर भन्दा बढी निर्माण सामाग्री खरिद गरी लगेमा तोकिएको विक्री शुल्कमा ५ प्रतिशत र २५० घनमिटर भन्दा बढी निर्माण सामाग्री खरिद गरी लगेमा ७ प्रतिशतले हुन आउने रकम वा सो बराबरको निर्माण सामाग्री छुट दिईनेछ भन्ने वाक्यांस २०८०/१०/०१ देखि लागु हुने गरी हटाउने ।

ज) अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ७ (ट) मा परिचय पत्रमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानूनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने बाक्यांस रहेकोमा सो वाक्यांसको सट्टा प्रचलित कानूनको अधिनमा रही स्वास्थ्य शाखाको अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ भन्ने बाक्यांस राखि संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं २**

भीरकोट नगरपालिका अन्तर्गतका तपसिलमा उल्लिखित आधारभूत विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क स | विद्यालयको नाम | तह | संचालित कक्षा |
|---|---|---|---|
| १. | रत्न देविस्थान आ.वि. भीरकोट – ८ | प्राथमिक | १-३ |
| २. | देउराली भञ्याङ आ.वि. भीरकोट – ८ | प्राथमिक | १-३ |
| ३. | तिलाहरनेटा आ वि भीरकोट-५ | प्राथमिक | १-३ |
| ४. | भवानी आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ५. | लुम्दिखोला आ वि भीरकोट-६ | प्राथमिक | १-३ |
| ६. | रानिरह आ वि भीरकोट-१ | प्राथमिक | १-३ |
| ७. | प्रगतिशिल आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ८. | सरस्वती आ वि भीरकोट – ८ | प्राथमिक | १-३ |
| ९. | अमर आ वि भीरकोट – ८ | प्राथमिक | १-५ |
| १०. | जनविकास आ वि भीरकोट- ६ | प्राथमिक | १-५ |
| ११. | जनसेवा आ वि भीरकोट- ३ | प्राथमिक | १-५ |

**निर्णय नं ३**

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) मा भीरकोट नगरपालिकाले ८२.७५ अंक प्राप्त गरेको हुँदा उक्त अंक सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

भीरकोट नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन, २०८० सभामा छलफल गरी नगरसभा सदस्यज्यूहरुबाट प्राप्त राय सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

वालिङ उद्योग वाणिज्य संघको माग निवेदन अनुसार वालिङ खेल मैदानमा संचालन हुने आठौं वालिङ महोत्सव कार्यक्रममा रु. १०००००/- अक्षरुपी एक लाख मात्र आर्थिक सहयोग उपलब्ध गराउने ।

निर्णय नं.६

चालू आर्थिक वर्ष २०८०/८१ को लागि १२औं नगरसभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा तपसिल बमोजिम हुनेगरी बजेट योजना तथा कार्यक्रम संशोधनको लागि कार्यापालिका बैठकबाट निर्णय गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

चालु आर्थिक वर्ष २०८०/०८१ मा नगरसभाबाट स्वीकृत रकम रु. ७८ करोड ८२ लाख १६ हजारको बार्षिक बजेटमा रु १० लाख थप गरी ७८ करोड ९२ लाख १६ हजार कायम गर्ने र अन्य आम्दानी तथा खर्चका शिर्षकहरुमा देहाय बमोजिम संशोधन गर्ने।

रकम थप गर्ने शीर्षक

- गत वर्षको मौज्दात रकम रु. ५० लाख मा ६० लाख थप गरी १ करोड १० लाख कायम गर्ने
- गत वर्षको अन्य सामान विक्रीमा २ करोड ७३ लाख ३४ हजार १ सयमा ६० लाख घटाई २ करोड १३ लाख ३४ हजार १ सय कायम गर्ने
- गत वर्षको नगद मौज्दातमा ६० लाख थप गरी १ करोड १० लाख कायम गर्ने

खर्च शीर्षक थप गर्ने

मेशिनरी औजार शिर्षक थप गरी १० लाख रकम विनियोजन गर्ने

| सि नं | वडा | आर्थिक वर्ष २०८०/८१ को स्वीकृत योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | रमाइलोडाँडा स्वास्थ्य पार्क | ५ लाख | मुल्कावाटो वाल निर्माण | ५ लाख | |
| २ | १ | वजार सरसफाई | २ लाख | खादीखोला वाटो पि सि सि २ लाख थप | ४ लाख | |
| ३ | २ | वादी टंकी निर्माण | ५० हजार | वादी खानेपानी एच डी पी पाइप खरिद | ५० हजार | |
| ४ | २ | ३ एच पि मोटर तथा पोल खरिद | १ लाख<br>५० हजार | डाँडाकोट सामुदायिक भवन<br>डाँडाकोट खानेपानी योजना 3Hp | ७५ हजार<br>७५ हजार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मोटर खरिद | | |
| ५ | २ | दहकुलो निर्माण | १ लाख | नाकेडाँडा वन उपभोक्ता समितिमा कागती र टिमुरको वृक्षारोपण | १ लाख | |
| ६ | २ | विपद व्यवस्थापन तथा तारजाली खरिद | २ लाख | डाँडाकोट सामुदायिक भवन<br>वाहाखोला गोरेटोवाटो | १ लाख<br>१ लाख | |
| ७ | २ | चण्डी मन्दिर निर्माण | ५० हजार | म्यालडाँडा ट्रष्ट निर्माण | ५० हजार | |
| ८ | ३ | कोखे छहरा गोरेटोवाटो र प्रतिक्षालय निर्माण | ३ लाख | सडक सरफाइमा ३ लाख थप गरी | १० लाख | साविकको ७ लाखमा ३ लाख थपि १० लाख बनाइएको। |
| ९ | ३ | स्यानीचौर प्रतिक्षालय निर्माण | ३ लाख | स्यानीचौर कोलवोट ग्रा स स्तरोन्नती | ३ लाख | |
| १० | ३ | वानेथोक भन्ज्याङ शौचालय निर्माण | १ लाख ५० हजार | प्रधानमन्त्री रोजगार कार्यक्रम निर्माण सामाग्री खरिद | १लाख ५० हजार | |
| ११ | ३ | मणी रानाडाँडा चिप्लेटी सडक | ३ लाख | मणी रानीडाँडा चिप्लेटी सडक<br>वजादी सामुदायिक भवन १ लाख थप | २ लाख<br>३ लाख | साविकको २ लाखमा १ लाख थपि ३ लाख बनाइएको। |
| १२. | ४ | गैराथोक गोरेटोवाटो निर्माण | १ लाख | गैराथोक खानेपानी योजना | १ लाख | |
| १३ | | रेग्मी र गौसला पि सि सि वाटो निर्माण | १ लाख | दभुडठाँटी विद्यालय फर्निचर खरिद | १ लाख | |
| १४ | ७ | वलमाटा सुनार वस्ती क्षती नियन्त्रण | २ लाख | सुनारगाउँ ठाडोखोला भल संरक्षण | २ लाख | |
| १५ | ८ | रिप खानेपानी स्तरोन्ति | ४ लाख | रिप खानेपानी स्तरोन्नती<br>गाउँ घर क्लिनिक रिप | ३ लाख<br>१ लाख | |
| १६ | ८ | मोहनडाँडा गोरेटो निर्माण | १लाख | मोहनडाँडा ग्रामिण सडक | १ लाख | |
| १७ | ८ | पखेरे गोरेटो वाटो | १लाख | ठाडोखोरिया खानेपानी योजना | १ लाख | |
| १८ | ८ | उजेली डाँडा सिम्ले गोरेटोवाटो | १लाख | साउनेपानी वडहरे दम्सीहाखोला ग्रा स स्तरोन्ति | १ लाख | |
| १९ | ८ | सालीकोष गोरेटोवाटो योजना | २ लाख | सालिकोष खानेपानी योजना | २ लाख | |

आज मिति २०८० साल माघ २९ गते भीरकोट नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री भगवती रेग्मी अर्यालज्यूको अध्यक्षतामा बसेको ११०औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री भगवती रेग्मी अर्याल | कार्यवाहक नगर प्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

श्याम प्रसाद रेग्मी अधिकृत सातौं

राम प्रसाद खनाल अधिकृत छैटौं

## ११०औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. बयरघारी-मोहनडाँडा-ठुलीभञ्ज्याङ सडकको नाला मर्मत सम्बन्धमा ।
२. जिल्ला अदालतबाट प्राप्त पत्र सम्बन्धमा ।
३. सार्वजनिक खरिद नियमावली, २०८० सम्बन्धमा ।
४. स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को नतिजा सार्वजनिक सम्बन्धमा ।
५. विविध ।

# ११० औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

बयरघारी-मोहनडाँडा-ठुलीभञ्ज्याङ सडक खण्डको भीरकोट नगरपालिका वडा नं ८ मोहनडाँडा (तारुक) देखि वडा कार्यालय सम्मको गत विगत आर्थिक वर्षहरुमा सन्तोषी निर्माण सेवाले बनाएको नाला सडक पिच गर्दा भत्किन गएको हुँदा नाला मर्मत गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम वडा कार्यालयको सिफारिसमा सम्बन्धित ठेकेदारलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

स्याङ्जा जिल्ला अदालतको च.न. २६६७ मिति २०८०/१०/२१ को पत्रानुसार अदालतको माथिल्लो तल्लामा शौचालय निर्माणको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा छिमेकी पालिकाहरुसँग समन्वयगरी आर्थिक सहायता गर्ने वा नगर्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकबाट निर्णय गर्ने ।

**निर्णय नं ३**

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा भीरकोट नगरपालिकाले ७१.५ अंक प्राप्त गरेको हुँदा उक्त प्राप्ताङ्कलाई कार्यपालिका बैठकबाट अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल फागुन ०८ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १११ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

श्याम प्रसाद खत्री अधिकृत सातौं
राम प्रसाद खनाल " छैटौं

# १११औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. वार्षिक योजना सम्बन्धमा ।

२. भीरकोट खेलमैदानको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।

३. बालमैत्री दिवस सम्बन्धमा ।

४. विविध

# १११ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/१०/०९ को निर्णयानुसार स्थानीय तहमा तेस्रो किस्ता वित्तीय समानिकरण अनुदान हस्तान्तरण गर्दा बार्षिक विनियोजित बजेटको ५५.७३ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्ने भन्ने निर्णय भएको हुँदा नगरपालिकालाई अख्तियारी बमोजिमको रकम प्राप्त नहुने देखिएकोले नगरसभाबाट स्वीकृत वडा र नगरस्तरीय योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न रकम नपुग हुने हुँदा हालसम्म योजना सम्पन्न भई प्राविधिक मूल्याङ्कन र विल भरपाई पेश भएका योजनाहरुको रकम भुक्तानी दिने, सम्झौता नभएका योजनाहरुको सम्झौता नगर्ने तथा सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरुको अर्को व्यवस्था नभए सम्मको लागि रनिङ विलको आधारमा भुक्तानी दिने ।

**निर्णय नं २**

भीरकोट नगरपालिका वडा नं १ सिसौंघारी स्थित भीरकोट खेलमैदानको ग्रीन डिसिजन्स कन्सल्टिङ प्रा.लि. काठमाडौंले तयार गरेको वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) प्रतिवेदन लाई स्वीकृत गर्ने ।

**निर्णय नं ३**

२०८० साल फागुन २२ गते वडास्तरीय र विद्यालय स्तरीय नृत्य, नाटक र लोक गीत मध्ये एक विद्यालय एक विधा/एक वडा एक विधामा समावेश हुनेगरी प्रतियोगिता गरी भीरकोट नगरपालिका बालमैत्री स्थापना दिवस मनाउने, उक्त प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने सहभागीहरुलाई क्रमशः ५ हजार, ३ हजार र २ हजारका दरले (कर बाहेक) पुरस्कार प्रदान गर्ने।

**निर्णय नं. ४**

भीरकोट नगरपालिकाले स्थापना गरेको ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेसिनबाट प्रशोधित निर्माण सामाग्रीले व्यवसायी र उपभोक्ताहरुको माग पूरा गर्न नसकेकोले वालिङ, स्याङ्जा, तनहु र रामनदी बाट नदीजन्य निर्माण सामाग्री ल्याई निर्माण कार्य गर्नुपर्दा विकास निर्माणका कार्यहरुको लागत बढ्नुका साथै सामान आपूर्ति गर्न असहज भएको, गिट्टी बालुवा उत्खनन् को लागि बोलपत्र आह्वान गरेकोमा कुनैपनि व्यक्ति, फर्महरुबाट बोलपत्र दर्ता नभएकोले ठेक्का प्रकृयाबाट नदीजन्य पदार्थ उत्खनन् र निकासी गर्ने सम्भावना नदेखिंदा विकास निर्माणका कार्यहरु प्रभावित हुनुका साथै नगरपालिकाको आन्तरिक आम्दानीमा समेत असर पुग्ने अवस्था देखिंदा मिति २०८०/११/१६ गते देखि २०८०/११/३० गतेसम्म (१५ दिन) गिट्टी, बालुवा प्रति घनमिटर रु. ४०० रुपैयाका दरले राजश्व लिई नगरपालिकाबाट कर्मचारी खटाई गिट्टी, बालुवा विक्रि गर्ने ।

**निर्णय नं. ५**

भीरकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल चैत्र २२ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको ११२ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपलिका सदस्य | |
| श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

# ११२औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. क्षयरोगमुक्त अभियान अन्तरगत पालिकास्तरीय समिति गठन तथा अभिमुखिकरण सम्बन्धमा ।

२. स्वास्थ्य महिला स्वयंसेविका सम्बन्धमा ।

३. पोषण संवेदनशिलता र पोषण विशेष कार्यक्रम सम्बन्धमा ।

४. प्रदेश स्तरीय समपुरक र विशेष अनुदानका कार्यक्रम छनौट गरी प्रस्ताव पठाउने सम्बन्धमा ।

५. गण्डकी प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम नवप्रवर्दन कार्यक्रम अगाडि बढाउने सम्बन्धमा ।

६. छात्रवृत्ती व्यवस्थापन समितिका सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

७. स्थानीय तहको भ्रष्टाचार विरुद्धको रणनिति तथा कार्ययोजना तयारी सम्बन्धमा ।

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।

९. नगर अस्पताल संचालनमा अर्जुनचौपारी गाउँपालिकाबाट प्राप्त पत्रको सन्दर्भमा ।

१०. भू-उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा ।

११. आर्थिक सहायता सम्बन्धमा ।

१२. Variation Order गर्ने सम्बन्धमा ।

१३. आ.व. २०८०/०८१ को अर्धबार्षिक समिक्षा सम्बन्धमा ।

१४. विविध ।

# ११२ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अनुसार भीरकोट नगरपालिकामा उक्त कार्यक्रम संचालन, सहजीकरण अनुगमन तथा मुल्याङकन गर्ने कार्यका लागि नगर प्रमुख श्री गोबिन्दकुमार कर्माचार्यज्यूको संयोजकत्वमा तपसिल वमोजिमको नगर स्तरीय क्षयरोग मुक्त अभियान स्थानीय समिति गठन गर्ने ।

**तपसिलः-**

| क.स | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री गोबिन्द कुमार कर्माचार्य | नगर प्रमुख | संयोजक / अध्यक्ष |
| २. | श्री भगवती रेग्मी अर्याल | नगर उप प्रमुख | सह-संयोजक |
| ३. | श्री धर्मराज ढुंगाना | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | श्री दिपेन्द्र के.सी | वडा अध्यक्ष | सदस्य |
| ५. | श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष | सदस्य |
| ६. | श्री केशर बहादुर खड्का | वडा अध्यक्ष | सदस्य |
| ७. | श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष | सदस्य |
| ८. | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष | सदस्य |
| ९. | श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष | सदस्य |
| १०. | श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष | सदस्य |
| ११. | श्री नन्दलाल खनाल | वडा अध्यक्ष | सदस्य |
| १२. | श्री भिम बहादुर गुरुङ | वडा अध्यक्ष | सदस्य |
| १३. | विष्णुप्रसाद कोइराला | शिक्षा शाखा प्रमुख | सदस्य |
| १४. | डा. राजीव झा | मे.अ. भीरकोट नगर अस्पताल | सदस्य |
| १५. | सुरज बस्नेत | स्वास्थ्य चौकी प्रमुख | सदस्य |
| १६. | युक्त नारायण अर्याल | स्वास्थ्य चौकी प्रमुख | सदस्य |
| १७. | तोयानाथ कोइराला | प्र अ दहथुम मा वि | सदस्य |
| १८. | देवु खत्री | महिला स्वास्थ्य स्वंयसेविका | सदस्य |
| १९. | भेषराज पाण्डे | गैर सरकारी संस्था प्रतिनिधि | सदस्य |
| २०. | अन्जु सापकोटा | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. २

भीरकोट नगरपालिका अन्तर्गत, कार्यरत रहेका महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक/शिक्षिकाहरु, कर्मचारीहरुले नेपाल सरकारवाट दोहोरो सुविधा लिएको भए दुई वटा सुविधा मध्ये कुनै एउटा सुविधा छोड्नको लागि जानकारी गराउने निर्णय गरियो ।

निर्णय न. ३

पोषण संवेदनशिल कार्यक्रमको लागि स्थानीयस्तर, खाद्य सुरक्षा समितिको अभिमुखिकरण, वडा खाद्य सुरक्षा समितिको पुनरगठन गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने तथा पोषण विशेष कार्यक्रम अन्तरगत ५ वटा स्वास्थ्य संस्थाहरुमा र भाग्योदय नमुना माध्यामिक बिधालयमा पोषण कर्नर स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आगामी आर्थिक वर्ष २०८१/०८२ मा गण्डकी प्रदेश सरकार बाट प्राप्त हुने समपुरक र विशेष अनुदान तर्फ देहाय वमोजिमका आयोजना /कार्यक्रमहरु छनौट गरि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय पोखराको पत्र संख्या ०८०/०८१ चलानी नं ६०१ र मिति २०८०/१२/०१ को पत्रानुसारवाट माग भए बमोजिम तपसिल बमोजिमको प्राथमिकताक्रम तोकि पठाउने निर्णय गरियो ।

देहाय :-

प्रदेश समपुरक अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम |
|---|---|
| १. | सुन्दरबजार स्वरेक मैदान पर्यटकीय कच्ची सडक कालोपत्रे गर्ने । |
| २. | बयरघारी ओसेक डाँडाकोट हुँदै बानेथोक देउराली सडक खण्ड स्तरोन्नती गर्ने । |
| ३. | ढापुक फेदी सानोभञ्ज्याङ पर्वत सडकखण्डको स्तरोन्नती गर्ने । |

प्रदेश विशेष अनुदान तर्फ

| क्र.स. | आयोजनाको नाम |
|---|---|
| १. | फोहोरमैला व्यवस्थापन केन्द्र र व्यवस्थापन केन्द्रमा रहेको भीरकोट पार्कको स्तरोन्नती |
| २. | सिमलचौर सिंचाई आयोजना |
| ३. | व्यवसायिक कृषक समूहमार्फत वेमौसमि तरकारी खेती प्रवर्द्धन कार्यक्रम |
| ४. | भीरकोट नगरपालिका वडा नं ७ हेलुदेखि वडा नं ५ सिम्ले सम्मको कृषि सडक स्तरोन्नती कार्यक्रम |
| ५. | आमा समूहमार्फत व्यवसायिक कुखुरापालन कार्यक्रम |

## निर्णय नं. ५

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भीरकोट नगरपालिकाको साझेदारीमा संचालन हुने प्रविधिमैत्री सामुदायिक विघालय र प्लाष्टिक झोलामुक्त नगरपालिका कार्यक्रम अगाडी बढाउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) प्लाष्टिकजन्य फोहोर धुल्याउने मेसिन र प्लाष्टिकको धुलो पुन प्रयोग गरीपाइप तथा प्लेट बनाउने मेसिन खरिद गर्ने, उक्त कार्यको लागि राष्ट्रिय आविष्कार केन्द्रलाई पेश्की स्वरुप रु. ५ लाख पेश्की उपलब्ध गराउने ।

ख) कार्यक्रम संचालन हुने सामुदायिक विद्यालयमा जडान गर्ने सि सि क्यामेरा र इ हाजिर खरिदका लागि प्रकृया अगाडी बढाउने ।

ग) प्लाष्टिक झोलाको प्रयोगलाई क्रमशः न्यूनिकरण गर्दै जानका लागि निःशुल्क वितरणण गर्नका लागि संचालन हुने झोला सिलाउन वडा नं ३ र ८ बाट ३-३ जना र अरु वडाहरुबाट २-२ जना का दरले सिलाई कटाई सम्बन्धित पहिला तालिम लिएका व्यक्तिलाई सिफारिस गरी पठाउन वडा अध्यक्षलाई अनुरोध गर्ने ।

## निर्णय नं. ६

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ११ (ख) मा भएको व्यवस्था बमोजिम नगर कार्यपालिकाले मनोनयन गर्ने सदस्यहरुमा वडा नं ८ का वडा अध्यक्ष श्री नन्दलाल खनाल र कार्यपालिका सदस्य मध्येबाट एकमाया घर्ति लाई मनोनयन गर्ने र सोही नियमावलीको नियम ११ (ग) को व्यवस्था अनुसार भीरकोट अपाङ्ग समितिका अध्यक्ष श्याम प्रसाद अर्याललाई मनोनयम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

स्थानीय तहको भ्रष्टचार विरुद्धको रणनीति तयार गर्न वडा नं २ का वडा अध्यक्ष श्यामकाजी अधिकारीको संयोजकत्वमा तपसिलमा उल्लिखित सदस्यहरु रहेको रणनीति मस्यौदा समिति गठन गर्ने । उक्त समितिले तयार गरेको मस्यौदामा आगामी कार्यपालिका बैठकमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्यामकाजी अधिकारी | वडा अध्यक्ष | संयोजक |
| २ | नन्दलाल खनाल | वडा अध्यक्ष | सदस्य |
| ३. | ताराप्रसाद अर्याल | वडा अध्यक्ष | सदस्य |
| ४. | लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष | सदस्य |
| ५. | याम प्रसाद रेग्मी | योजना अनुगमन तथा कार्यक्रम शाखा प्रमुख | सदस्य |
| ६. | रामप्रसाद खनाल | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ८**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंङ्गाल काठमाडौंको च.न ४८६९६ मिति २०८०/११/२९ को पत्रबाट लेखि आएबमोजिम संघीय तथा प्रदेश सरकारका सशर्त विशेष र समपुरक तर्फका आयोजनाहरुको कार्य सम्पन्न नभएको अवस्थामा वजेट फिर्ता गर्नको लागि आयोगको मिति २०८०/११/२२ को निर्णयानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

भीरकोट नगरपालिका वडा नं १ हेलुबजारमा संचालनमा रहेको भीरकोट नगर अस्पताल भीरकोट नगरपालिका र अर्जुनचौपारी गाँउपालिकाको साझेदारीमा संचालन गर्न अर्जुनचौपारी गाँउपालिकाबाट प्राप्त पत्रको सम्बन्धमा दुवै पालिका प्रमुख सहितको पदाधिकारीसंग छलफल गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नगरपालिकामा भू उपयोग क्षेत्र परिवर्तनका लागि पेश भएका निवेदनहरुलाई क्षेत्र परिवर्तका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

भीरकोट नगरपालिका वडा नं ९ बस्ने तारापति रेग्मीको छोरी कोपिला रेग्मी सडक दुर्घटनामा परि लामो समयसम्म अस्पतालमा उपचाररत रहेकोले निजको उपचारका लागि रु. १ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

सुन्दरवजार, मोहनडाँडा ठूलिभञ्याङ सडक र आँधिखोला तटवन्धनको Variation Order गरी थप काम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

भीरकोट नगरपालिकाबाट चालू आ.व. २०८०/८१ मा संचालन भएका आयोजना तथा कार्यक्रमहरुको भौतिक र वित्तीय प्रगति समेतको अर्धबार्षिक समिक्षामा शाखागत रुपमा पौष मसान्तसम्म भएका कार्यक्रम कार्यान्वयनका क्रममा गरिएका असल अभ्यासलाई निरन्तरता दिने र कार्यक्रम संचालनमा देखिएका कमी कमजोरीलाई सुधार गर्नेगरि अर्धवार्षिक समिक्षा गरियो ।

निर्णय नं. १४

आगामी आर्थिक वर्ष ०८१/०८२ का लागि वडा कार्यलायबाट सिफारिस भई आएका आयोजनाहरु प्रदेश तथा संघीय सरकारका विभिन्न मन्त्रालयमा कार्यक्रम स्वीकृत गरि आवश्यक रकम विनियोजन गरी दिन सिफारिस सहित पठाउने निर्णय गरियो ।

निर्णय नं. १५

एनवास (NWASH) कार्यक्रम संचालन गर्ने सम्वन्धमा यस भीरकोट नगरपालिका र खानेपानी तथा ढल व्यवस्थापन विभागको समन्वयमा गण्डकी प्रदेश ,उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय विच मिति २०८०/१०/१४ मा भएको त्रिपक्षिय सम्झौता अनुसार नगरपालिका वास कार्यदल गठन गरि तथ्याङ्क संकलनको लागि गणक परिचालन गर्ने निर्णय गरियो ।

आज मिति २०८१ साल बैशाख २४ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको ११३ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यापलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खेसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री धर्मराज दुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

# ११३औं कार्यपालिका बैठकका कार्यसूचीहरु

१. पुर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा सम्बन्धमा ।

२. डालेघाँसमा अनुदान दिने सम्बन्धमा ।

३. विपि स्मृति पुस्तकालयलाई आर्थिक सहयोग दिने सम्बन्धमा ।

४. सगरमाथा आरोही सुरज पौडेललाई आर्थिक सहयोग दिने सम्बन्धमा ।

५. घर अभिलेखिकरणको म्याद थप सम्बन्धमा ।

६. विविध ।

# ११३ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

संघीय सशर्त अनुदान अन्तर्गत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८०, को परिच्छेद ४ को बुंदा नं ११.२, ३ (क) मा रहेको व्यवस्था अनुसार हरियो घाँस विस्तार कार्यक्रमका लागि निवेदन पेश गरेका कृषकहरुलाई प्रति रोपनी रु. ५,०००/- (अक्षरुपि पाँच हजार रुपैया मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय न. ३**

पोखरा महानगरपालिका वडा नं. १९ मा निर्माण हुने वी.पी. स्मृति भवन निर्माण गर्नका लागि रु. २,००,०००/- (अक्षरुपि दुई लाख रुपैंया) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

भीरकोट नगरपालिका वडा नं. ४ मा अवस्थित धार्मिक एवं ऐतिहासिक महत्वको छायाँ क्षेत्र (छाडछाड्दी) मन्दिरको फ्ल्याक्स सहित सगरमाथाको आरोहण गर्ने आधीखोला गाउँ पालिका वडा नं. २ का सुरज पौडेललाई रु. २५,०००/- (पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

घर अभिलेखिकरण गर्ने म्याद २०८० साल चैत्र मसान्तसम्म रहेकोमा, अभिलेखीकरण को म्याद २०८१ साल असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

भू-उपयोग क्षेत्र वर्गीकरण अनुसार भीरकोट नगर क्षेत्र भित्रका जग्गा जमिनहरुको न्युनतम मूल्याङ्कनको दर उच्च देखिएको हुँदा सो सम्वन्धमा सम्बन्धित निकाय सँग समन्वय गर्ने तथा भू-उपयोग क्षेत्र वर्गीकरणमा देखिएका त्रुटीहरुको सम्बन्धमा मालपोत कार्यालय / नापी कार्यालयका प्रतिनिधीहरु संग छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

भीरकोट नगरपालिकाद्धारा संचालित भीरकोट नगर अस्पतालमा तपसिलमा उल्लिखित शिर्षकहरुमा भएको निम्नानुसारको खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७२

तपसिल

औषधि खरिद तर्फ

| मिति | विवरण | बिल नं | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २०८०/०७/२३ | रुषा सजिमेड | | ४९८९८२ | |
| २०८०/१०/१० | शेराली मेड फर्मा | | ६५०४०० | |
| २०८०/११/२३ | चिराग फार्मेसी | | ६६०२४३ | |
| २०८०/११/२३ | गौतम बुद्ध ट्रेडर्स | | ५०००० | |
| २०८०/११/२३ | युदिप मेडिको फर्मा प्रा लि | | १००३२१ | |
| २०८०/११/१४ | कालिन्चोक ट्रेडर्स Dental compressor | | ४५००० | |
| २०८०/१०/१२ | Medic International | | २३९४९२ | |
| २०८०/१०/१८ | Rusha Surgimed | | ४८४५०९ | |
| २०८०/१०/२२ | Ganga Medico Pharma | | ८७४२४ | |
| | | जम्मा | २८१६३७१ | |

तलब भत्ता र अन्य खर्च

| मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २०८०/०५/१५ | Dr. RUdra N. Sah | ३०७५७८ |
| २०८०/०९/०२ | Dr. Rajeev Jha | ३५७००० |
| २०८०/०७/२३ | अस्पताल संचालन फुटकर खर्च | ५७७५३ |
| २०८०/०७/२३ | अस्पताल संचालन फुटकर खर्च | २३५०१ |
| २०८०/०७/२३ | अस्पताल संचालन खर्च पेश्की फछ्र्यौट | १०००० |
| २०८०/११/१३ | अक्सिजन | ३१२५० |
| | जम्मा | ७६३५८१ |

निर्णय नं. ८

मिति २०८०/१२/०१ गते देखि भीरकोट नगर अस्पतालबाट देहायका शीर्षकहरुमा निम्नानुसारको रकम लिने निर्णय गरियो ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
२०७३

| क स | शीर्षक | साविकको रकम रु. | हाल कायम रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अक्सिजन सिलिन्डर (सानो) धरौटी रकम | ९००० | ५००० | नगरपालिका भित्रका बासिन्दालाई वडाबाट सिफारिस भई आएमा ३००० |
| २. | अक्सिजन सिलिन्डर (ठूलो) धरौटी रकम | १८००० | ९००० | नगरपालिका भित्रका बासिन्दालाई वडाबाट सिफारिस भई आएमा ५००० |
| ३. | अक्सिजन सिलिन्डर (सानो) भरेको रकम | ९०० | ५०० | |
| ४. | अक्सिजन सिलिन्डर (ठूलो) भरेको रकम | १८०० | ९०० | |